# वार्षिक आयोजना छनौट कार्यविधि, २०७८

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

# वार्षिक आयोजना छनौट कार्यविधि, २०७८

<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>
२०७८।०२।१३

**<u>प्रस्तावनाः</u>** दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गर्ने नेपालको संविधानको व्यवस्था र सङ्घ तथा प्रदेशको आवधिक योजना एवम् दिगो विकासको लक्ष्यको मार्गचित्र समेतलाई ध्यानमा राखी आयोजनाको छनौट र विश्लेषण तथ्यपरक, वस्तुगत र पारदर्शी बनाउने र आयोजना बैंक प्रणालीलाई संस्थागत गर्ने कार्यमा सुशासन अभिवृद्धि गर्दै आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र सीमित स्रोतको अधिकतम प्रतिफल प्राप्तिका लागि स्रोतको कुशल व्यवस्थापन गर्न आवश्यक भएकोले प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ को अधिकार प्रयोग गरी बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "वार्षिक आयोजना छनौट कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना" भन्नाले पूर्वाधार विकास आयोजना र सामाजिक विकासका आयोजना वा कार्यक्रमलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) “आयोजना बैंक” भन्नाले प्रदेश सरकारले स्थापना गरेको आयोजना बैंकलाई सम्झनु पर्छ।

(ग) “पूर्वाधार विकास आयोजना” भन्नाले भौतिक पूर्वाधार संरचनाको विकास हुने, ठुला मेशिनरी र हलुका तथा भारी ढुवानी वा सवारी साधन खरिद हुने आयोजना तथा कार्यक्रमलाई सम्झनु पर्छ।

(घ) “प्रदेश सभा सदस्य” भन्नाले बागमती प्रदेश सभाको सदस्यलाई सम्झनु पर्छ।

(ङ) “प्रदेश सरकार” भन्नाले बागमती प्रदेश सरकारलाई सम्झनु पर्छ।

(च) “प्रदेश सरकारका निकाय” भन्नाले प्रदेश मन्त्रालय र सो मातहतको निकाय बाहेकका प्रदेश कानून बमोजिम स्थापित निकायलाई सम्झनु पर्छ।

(छ) “सम्बन्धित मन्त्रालय वा निकाय” भन्नाले आयोजना माग गर्ने वा कार्यान्वयन गर्ने मन्त्रालय वा प्रदेश सरकारको निकायलाई सम्झनु पर्छ।

(ज) “सङ्घीय संसदका सदस्य” भन्नाले प्रतिनिधिसभा र राष्ट्रियसभाको सदस्यलाई सम्झनु पर्छ।

(झ) “सामाजिक विकास आयोजना वा कार्यक्रम” भन्नाले शिक्षा, स्वास्थ्य, सामाजिक सशक्तिकरण, आर्थिक सशक्तिकरण, क्षमता विकास, चेतना विकास, तालिम, अध्ययन अनुसन्धान, भाषा-साहित्य-कला-संस्कृतिको विकास, विज्ञान तथा प्रविधिको विकास लगायतका आयोजना वा कार्यक्रमलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ञ) "स्थानीय तह" भन्नाले प्रदेशभित्रका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्छ।

## परिच्छेद-२
## आयोजना तर्जुमा प्रक्रिया

३. **आयोजना तर्जुमाका आधारहरू:** प्रदेश सरकारको वार्षिक आयोजना तर्जुमाका आधारहरू देहाय बमोजिम हुनेछन्:-

(क) नेपालको संविधान र प्रचलित कानूनले प्रदेश सरकारलाई दिएका जिम्मेवारीहरू,

(ख) सङ्घीय नीति, आवधिक योजना, विषय क्षेत्रगत गुरूयोजना र अन्य योजनाहरूले प्रदेश सरकारलाई दिएका जिम्मेवारीहरू,

(ग) प्रदेश सरकारद्वारा जारी भएका नीति, कानून, आवधिक योजना र अन्य योजनाहरू,

(घ) दिगो विकास लक्ष्य र अन्य आधारहरू।

४. **आयोजना तर्जुमाको क्षेत्रहरु:** यस कार्यविधि बमोजिम छनौट गरिने आयोजना तर्जुमाको क्षेत्रहरु देहाय बमोजिम हुनेछ:-

(क) भौतिक पूर्वाधार विकास,

(ख) सामाजिक विकास।

५. **आयोजनको वर्गीकरण गर्न सक्ने:** प्रदेश सरकाले प्रदेश नीति तथा योजना आयोगको परामर्शमा आयोजनाको वर्गीकरण गर्न सक्नेछ।

६. **आयोजना पहिचान गर्ने निकाय र विधि:** (१) प्रदेश सरकारले कार्यान्वयन गर्ने आयोजनाहरू देहायका निकायहरूले संयुक्त रूपमा वा छुट्टाछुट्टै पहिचान गर्न सक्नेछ:-

(क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) प्रदेश मन्त्रालयहरू,

(ग) प्रदेश सरकारका निकायहरू,

(घ) प्रदेश सभाका सदस्यहरू,

(ङ) स्थानीय तह।

(२) उपदफा (१) मा उल्लेख भएका बाहेकका अन्य निकायले पहिचान गरेका आयोजनाहरू सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारका निकाय वा प्रदेश नीति तथा योजना आयोगमा पेश गर्न सक्नेछ।

(३) आयोजना पहिचान गर्न देहायकामध्ये केही वा सबै विधिहरू अवलम्बन गर्न सकिनेछः-

(क) प्रदेश निर्वाचन क्षेत्रस्तरीय गोष्ठी,

(ख) जिल्लास्तरीय गोष्ठी,

(ग) प्रदेश मन्त्रालय र निकायस्तरीय गोष्ठी/ छलफल,

(घ) अनलाइन वा सार्वजनिक सूचना प्रकाशन गरी आयोजना माग।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनमा वा सङ्घीय सरकारको लगानी हुने कुनै आयोजनाको पहिचान गर्ने विधि छुट्टै उल्लेख भएको भए सोही बमोजिम गर्नु पर्नेछ।

७. **<u>प्रदेश निर्वाचन क्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठीः</u>** (१) वार्षिक योजनामा समावेश गर्ने आयोजनाहरू पहिचान गर्न सम्बन्धित निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्यले सम्बन्धित जिल्ला समन्वय समितिको सहयोगमा सरोकारवालाहरूको सहभागितामा प्रदेश निर्वाचन क्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठीको संयोजन गर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) प्रदेश निर्वाचन क्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठीबाट पहिचान भएका वा प्रदेश सभा सदस्यबाट पहिचान भएका पूर्वाधार विकास आयोजना र सामाजिक विकास आयोजनाहरूको छुट्टा छुट्टै सूची तयार गर्नु पर्नेछ।

८. **<u>जिल्लास्तरीय योजना तर्जुमा गोष्ठीः</u>** (१) प्रदेश नीति तथा योजना आयोगको आयोजना र सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको समन्वयमा प्रत्येक आर्थिक वर्षको पुस मसान्तभित्र जिल्लास्तरीय योजना तर्जुमा गोष्ठी सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०७८/०७९ को योजना तर्जुमाको हकमा समय सीमा लागू हुनेछैन।

(३) सम्बन्धित जिल्लाको जिल्लास्तरीय योजना तर्जुमा गोष्ठीमा सम्भव भएसम्म देहाय बमोजिमको महानुभावहरूलाई आमन्त्रण गर्नु पर्नेछः-

(क) सङ्घीय संसदका सदस्यहरू,

(ख) प्रदेश सभा सदस्यहरू,

(ग) जिल्ला समन्वय समितिका पदाधिकारी र जिल्ला समन्वय अधिकारी,

(घ) स्थानीय तहको प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतहरू,

(ङ) प्रदेश मातहतका जिल्लास्थित कार्यालयका प्रमुखहरू,

(च) राजनीतिक दलका प्रतिनिधिहरू,

(छ) उद्योग वाणिज्य संघ, उद्योग परिसंघ र चेम्बर अफ कमर्श लगायतका निजी क्षेत्रका प्रतिनिधिहरू,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश

(ज) सरोकार समूहका प्रतिनिधिहरू,

(झ) विषय विज्ञ र अन्य।

(४) जिल्लास्तरीय योजना तर्जुमा गोष्ठीको आयोजना गर्दा आवश्यकता हेरी उपदफा (३) बमोजिमका महानुभावहरूका लागि कम्तीमा एक पटक वा आवश्यकता अनुसार आयोजना गर्न सकिनेछ।

(५) जिल्लास्तरीय योजना तर्जुमा गोष्ठीमा देहाय बमोजिमको आयोजनाहरूका सम्बन्धमा छलफल गर्न सकिनेछः-

(क) प्रदेश निर्वाचन क्षेत्र र प्रदेश सभा सदस्यले पहिचान गरेका आयोजनाहरू,

(ख) स्थानीय तहले माग गरेका आयोजनाहरू,

(ग) राजनीतिक दलले माग गरेका आयोजनाहरू,

(घ) प्रदेश मातहतका जिल्लास्थित कार्यालयहरूले पहिचान गरेका आयोजनाहरू,

(ङ) निजी क्षेत्र र सहकारी संस्थाहरूले माग गरेका आयोजनाहरू,

(च) महिला, दलित, विपन्न र सीमान्तकृत समुदायले माग गरेका आयोजनाहरू,

(छ) सरोकार समूहहरूले माग गरेका आयोजनाहरू,

(ज) विषय विज्ञ र अन्यले माग गरेका आयोजनाहरू।

(६) जिल्लास्तरीय योजना तर्जुमा गोष्ठीमा छलफलका लागि आयोजना पेश गर्ने जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सभा सदस्य,

(ख) स्थानीय तहको प्रमुख,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ग) राजनीतिक दलका प्रतिनिधिहरू,

(घ) प्रदेश मातहतका जिल्लास्थित कार्यालयका प्रमुखहरू,

(ङ) निजी क्षेत्रका प्रतिनिधि,

(च) सहकारी संस्थाको प्रतिनिधि,

(छ) अपाङ्गता भएका व्यक्ति, महिला, दलित, विपन्न र सीमान्तकृत समुदायको प्रतिनिधि,

(ज) सरोकार समूहका प्रतिनिधि,

(झ) संघ संस्थाको प्रतिनिधि,

(ञ) विषय विज्ञ र अन्य।

९. **आयोजना पेशः** (१) सर्वसाधारण, निजी क्षेत्र, सहकारी, संघ संस्था र अन्य निकायले कुनै आयोजना माग गर्दा अनुसूची-१ बमोजिमको आयोजना माग फाराम भरी प्रदेश सभा सदस्य वा सम्बन्धित स्थानीय तह वा प्रदेश नीति तथा योजना आयोग वा सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारको निकायमा पेश गर्न सक्नेछ।

(२) जिल्लास्तरीय योजना तर्जुमा गोष्ठीमा पहिचान भएका आयोजनाहरू प्रदेश नीति तथा योजना आयोगमा पेश गर्ने जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सभा सदस्य,

(ख) सम्बन्धित स्थानीय तह,

(ग) सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारको निकाय ।

(३) उपदफा (२) बमोजिम आयोजना पेश गर्दा अनुसूची-२ बमोजिमको निवेदन सहित पूर्वाधार विकास आयोजनाको हकमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-६ र सामाजिक विकास आयोजनाको हकमा अनुसूची-७ बमोजिमका फारामहरू भरी पेश गर्नु पर्नेछ।

(४) अनुसूची-६ र ७ बमोजिमका फारामहरू भर्दा जिल्लास्तरीय योजना तर्जुमा गोष्ठीको निष्कर्षलाई प्राथमिकतामा राखी भर्नु पर्नेछ।

(५) मन्त्रालय वा प्रदेश सरकारका निकाय बाहेकका अन्य निकायबाट प्रदेश नीति तथा योजना आयोगमा प्राप्त भएका नयाँ आयोजनाहरूको विवरण प्रदेश नीति तथा योजना आयोगले सम्बन्धित मन्त्रालय वा प्रदेश सकारका निकायमा पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम पेश भएका नयाँ आयोजनाहरू अन्य कुनै निकायबाट मन्त्रालय वा प्रदेश सरकारका निकायमा माग भएका नयाँ आयोजनाहरू र मन्त्रालय वा प्रदेश सरकारका निकाय स्वयमले पहिचान गरेका नयाँ आयोजनाहरूको प्रारम्भिक प्राथमिकीकरण गरी थप मूल्याङ्कन, प्राथमिकीकरण र आयोजना बैंकमा समावेश गर्नका लागि सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारका निकायले प्रदेश नीति तथा योजना आयोगमा पेश गर्नु पर्नेछ।

(७) उपदफा (६) जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय वा प्रदेश सरकारका निकायले आ.व. २०७८/०७९ मा कार्यान्वयन गर्ने बहुवर्षीय र क्रमागत आयोजनाहरू आयोजना बैंकमा समावेश गर्नका लागि प्रदेश नीति तथा योजना आयोगलाई उपलब्ध गराउनु पर्नेछ।

(८) उपदफा (६) र (७) बमोजिम आयोजनाहरूको विवरण पेश गर्दा अनुसूची-३ बमोजिमको पत्रसहित पूर्वाधार विकास आयोजनाको हकमा अनुसूची-४ र ६ तथा सामाजिक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

विकास आयोजनाको हकमा अनुसूची- ५ र ७ बमोजिमका फारामहरू भरी पेश गर्नु पर्नेछ।

१०. **<u>मन्त्रालय र निकायस्तरीय गोष्ठी/छलफल:</u>** (१) आगामी आर्थिक वर्षको वार्षिक योजनामा समावेश गर्नु पर्ने आयोजनाहरू पहिचान गर्न सम्बन्धित मन्त्रालय र निकायले माघ मसान्तभित्र गोष्ठी/छलफल गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०७८/०७९ को योजना तर्जुमाको हकमा समय सीमा लागू हुनेछैन।

११. **<u>आयोजनाको मूल्याङ्कन, क्रम निर्धारण र आयोजना बैंकमा समावेश:</u>** (१) वार्षिक योजनामा समावेश गर्नका लागि प्राप्त भएका सबै आयोजनाहरूको मूल्याङ्कन गर्नु पर्नेछ।

(२) आयोजनाहरूको मूल्याङ्कन प्रदेश नीति तथा योजना आयोगले गर्नु पर्नेछ। आयोजनाको मूल्याङ्कनको पूर्णाङ्क ७५ अङ्क हुनेछ र सोको विभाजन देहाय बमोजिम हुनेछ:-

(क) सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारका निकायबाट गरिने प्रारम्भिक प्राथमिकीकरणका लागि -१० अङ्क

(ख) प्रारम्भिक मूल्याङ्कनका लागि -३० अङ्क

(ग) नीतिगत सामजञ्जस्यता मूल्याङ्कनका लागि -२१ अङ्क

(घ) मानव विकासको अवस्थाको लागि -६ अङ्क

(ङ) संवैधानिक प्राथमिकताका लागि -८ अङ्क

(३) आयोजनाहरूको प्रारम्भिक प्राथमिकताको क्रम सम्बन्धित मन्त्रालय वा निकायले तोक्नु पर्नेछ र क्रम नतोकिएको हकमा पहिलो नम्बरमा उल्लेख भएको आयोजनाको क्रम पहिलो

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

र अन्तिममा उल्लेख भएको आयोजनाको क्रम अन्तिम हुने क्रम अनुसार आयोजनाहरूको प्राथमिकताको क्रम निर्धारण भएको मानिनेछ। एक आ.व. भित्र पछि प्राप्त भएका आयोजनाहरूको क्रम पहिले प्राप्त भएका आयोजनाहरूको पछिल्लो क्रम पछाडि कायम गरिनेछ।

(४) सम्बन्धित मन्त्रालय र प्रदेश सरकारको निकायले आयोजना बैंकमा पहिले नै समावेश भईसकेका र पछि थप भएका नयाँ आयोजनाहरूलाई समष्टिगत रूपमा पुनः प्रारम्भिक प्राथमिकीकरण गर्न सक्नेछ।

(५) आयोजनाहरूको प्रारम्भिक प्राथमिकीकरणको मूल्याङ्कनको अङ्क प्रदान गर्दा प्राथमिकताको पहिलो क्रममा रहेको आयोजनाको लागि १० अङ्क र सोपछिको क्रममा रहेका आयोजनाहरूको लागि क्रमशः ०.१ अङ्क कम गर्दै न्यूनतम ०.१ अङ्कसम्म प्रदान गर्नु पर्नेछ र सोभन्दा कम अङ्क प्रदान गर्न पाइने छैन।

(६) प्रारम्भिक मूल्याङ्कनमा अधिकतम अङ्क प्रदान गर्दा त्यसलाई पुष्टि गर्ने प्रमाण संलग्न हुनु पर्नेछ र त्यस्तो प्रमाण संलग्न नभएको अवस्थामा न्यूनतम अङ्क कायम हुनेछ।

(७) सबै प्रकारका पूर्वाधार विकास आयोजनाहरूको प्रारम्भिक मूल्याङ्कनको साझा आधार र अङ्कभार देहाय बमोजिम हुनेछः-

(क) अपाङ्गमैत्री पूर्वाधारको विकास हुने भए ३ अङ्क र नहुने भए १ अङ्क,

(ख) विपद् उत्थानशील प्रविधि वा मापदण्डको प्रयोग हुने भए ३ अङ्क र नहुने भए १ अङ्क,

(ग) जलवायु अनुकूलन वा वातावरण संरक्षणमा प्रत्यक्ष योगदान गर्ने भए ३ अङ्क र नगर्ने भए १ अङ्क,

(घ) उत्पादन, रोजगारी सिर्जना वा आय आर्जनमा प्रत्यक्ष योगदान गर्ने भए ३ अङ्क र नगर्ने भए १ अङ्क,

(ङ) आयोजना कार्यान्वयन गर्न जमिन प्राप्त भएको भए ३ अङ्क र नभएको भए १ अङ्क,

(च) स्थानीय तहको लागत सहभागिता हुने भए ३ अङ्क र नहुने भए १ अङ्क,

(छ) निजी क्षेत्र, सहकारी, संघ संस्था, दातृ निकाय, समुदाय आदिको लगानी हुने भए ३ अङ्क र नहुने भए १ अङ्क,

(ज) आयोजनाको मुख्य लाभग्राही समुदाय लोपोन्मुख समुदाय, दलित, विपन्न, असहाय, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी/जनजाति, सीमान्तकृत समुदाय, प्रकोप पीडित, हिंसा पीडित, मधेशी समुदाय र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक मध्ये कुनैहुने भए ३ अङ्क र सो बाहेकका अन्य हुने भए १ अङ्क।

(८) सबै किसिमका पूर्वाधार विकास आयोजनाहरूको प्रारम्भिक मूल्याङ्कनको आयोजना विशेषको थप आधार र अङ्कभार देहाय बमोजिम हुनेछः-



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) <u>यातायात पूर्वाधार आयोजनाको हकमा</u>:-

(१) प्रदेश सरकारका प्राथमिकतामा रहेका यातायात सञ्जालमा नयाँ स्थान जोडिने (स्थानीय तहको केन्द्र र वडाको केन्द्र, जिल्ला केन्द्र, प्रदेश राजधानी जोड्ने) भए ३ अङ्क र विद्यमान सञ्जालमा सुधार हुने भए १ अङ्क, र

(२) यातायात पूर्वाधारमा नयाँपन/आयाम थप वा साविक संरचनाको स्तरोन्नति हुने भए ३ अङ्क र नभए १ अङ्क।

(ख) <u>कृषि पूर्वाधार आयोजनाको हकमा</u>,

(१) कृषिजन्य उपजको उत्पादन/भण्डारण/ बजारीकरणका लागि नयाँ पूर्वाधारको विकास हुने भए ३ अङ्क र विद्यमान पूर्वाधारमा सुधार हुने भए १ अङ्क, र

(२) रैथाने जातका वा अर्गानिक कृषिजन्य बाली वस्तु आदिको उत्पादन/भण्डारण/ बजारीकरणमा योगदान हुने भए ३ अङ्क र अन्य हुने भए १ अङ्क।

(ग) <u>औद्योगिक/व्यापारिक पूर्वाधार आयोजनाको हकमा</u>:

(१) नयाँ पूर्वाधारको विकास हुने वा राष्ट्रिय उत्पादनमा योगदान दिने भए ३ अङ्क र विद्यमान पूर्वाधारमा सुधार हुने भए १ अङ्क, र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) स्थानीय कच्चा पदार्थमा आधारित हुने भए ३ अङ्क र अन्य भए १ अङ्क।

(घ) शैक्षिक पूर्वाधार आयोजनाको हकमाः

(१) नयाँ पूर्वाधारको विकास हुने तथा शैक्षिक गुणस्तर वृद्धि हुने भए ३ अङ्क र विद्यमान पूर्वाधारमा सुधार हुने भए १ अङ्क, र

(२) थप विद्यार्थी लक्षित भए ३ अङ्क र अन्य भए १ अङ्क।

(ङ) स्वास्थ्य पूर्वाधार आयोजनाको हकमाः

(१) नयाँ पूर्वाधार विकास एवं स्वास्थ्यको गुणस्तर वृद्धि हुने भए ३ अङ्क र विद्यमान पूर्वाधारमा सुधार हुने भए १ अङ्क, र

(२) पहिले नसमेटिएका सेवाग्राही समेटिने वा नयाँ सेवा विस्तार हुने भए ३ अङ्क र अन्य भए १ अङ्क।

(च) खेलकुद पूर्वाधार आयोजनाको हकमा,

(१) नयाँ पूर्वाधारको विकास हुने भए ३ अङ्क र विद्यमान पूर्वाधारमा सुधार हुने भए १ अङ्क, र

(२) पूर्वाधारको दर्शक क्षमता एक पटकमा रङ्गशालाको हकमा ५ हजारभन्दा बढी, खेल मैदानको हकमा २ हजार ५ सयभन्दा बढी र कभर्ड हल वा भवनको हकमा ५ सयभन्दा बढी हुने भए ३ अङ्क र अन्य भए १ अङ्क।

(छ) ऊर्जा पूर्वाधार आयोजनाको हकमाः



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(१) नयाँ पूर्वाधारको विकास हुने भए ३ अङ्क र विद्यमान पूर्वाधारमा सुधार हुने भए १ अङ्क, र

(२) ऊर्जा उत्पादन क्षमता जलविद्युतको हकमा ८ मे.वा.भन्दा बढी र वैकल्पिक ऊर्जाको हकमा ३ मे.वा.भन्दा बढी हुने भए ३ अङ्क र अन्य भए १ अङ्क।

(ज) खानेपानी तथा सरसफाइ पूर्वाधार आयोजनाको हकमा:

(१) नयाँ पूर्वाधारको विकास हुने भए ३ अङ्क र विद्यमान पूर्वाधारमा सुधार हुने भए १ अङ्क,र

(२) खानेपानी तथा सरसफाइको गुणस्तरमा सुधार हुने भए ३ अङ्क र नहुने भए १ अङ्क।

(झ) फोहोरमैला व्यवस्थापन पूर्वाधार आयोजनाको हकमा:

(१) नयाँ पूर्वाधारको विकास हुने भए ३ अङ्क र विद्यमान पूर्वाधारमा सुधार हुने भए १ अङ्क, र

(२) अस्पतालजन्य वा उद्योगजन्य फोहर व्यवस्थापन हुने भए ३ अङ्क र अन्य फोहोर व्यवस्थापन हुने भए १ अङ्क।

(ञ) भवन निर्माण आयोजनाको हकमा:

(१) नयाँ भवन निर्माण हुने भए ३ अङ्क र पुरानो भवनमा सुधार हुने भए १ अङ्क, र



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) नेपाली परम्परागत निर्माण प्रविधि एवम् वास्तुकलाकला झल्कने भवन भए ३ अङ्क र अन्य भवन भए १ अङ्क।

(ट) <u>वस्ती विकास आयोजनाको हकमा:</u>

(१) नयाँवस्तीको विकास हुने भए ३ अङ्क र पुरानो वस्तीमा सुधार हुने भए १ अङ्क, र

(२) प्राकृतिक प्रकोपबाट विस्थापित वा घरबारविहीनहरूको लागि वस्ती विकास हुने भए ३ अङ्क र अन्यको लागि हुने भए १ अङ्क।

(ठ) <u>वन, वातावरण, नदी र जलाधार संरक्षण आयोजनाको हकमा:</u>

(१) नयाँ क्षेत्र समेटिने वा नयाँ पूर्वाधार विकास हुने भए ३ अङ्क र अन्य भए १ अङ्क, र

(२) आयोजनाले संरक्षण गर्ने जमिन १०० हेक्टरभन्दा बढी हुने भए ३ अङ्क र अन्य भए १ अङ्क।

(ड) <u>पर्यटन पूर्वाधार आयोजनाको हकमा:</u>

(१) नयाँ गन्तब्यको विकास हुने भए ३ अङ्क र विद्यमान गन्तब्यमा सुधार हुने भए १ अङ्क, र

(२) आन्तरिक र बाह्य पर्यटन दुवै प्रवर्द्धन हुने भए ३ अङ्क र कुनै एक हुने भए १ अङ्क।

(ढ) <u>विपद् व्यवस्थापन पूर्वाधार आयोजनाको हकमा:</u>

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(१) विपद् वा आपतकालीन सेवा व्यवस्थापनको लागि नयाँ पूर्वाधारको विकास वा दमकल, एम्बुलेन्स, उद्धार र खोजी कार्यका साधन लगायतको व्यवस्था हुने भए ३ अङ्क र विद्यमान पूर्वाधारमा सुधार वा विद्यमान दमकल, एम्बुलेन्स, उद्धार र खोजी कार्यका साधन लगायतमा सुधार हुने भए १ अङ्क, र

(२) विपद् पीडितहरूको पुनर्स्थापनाको लागि पूर्वाधारको विकास हुने भए ३ अङ्क र विपद् व्यवस्थापन सम्बन्धी अन्य पूर्वाधारको विकास हुने भए १ अङ्क।

(ण) <u>सूचना तथा सञ्चार सम्बन्धी पूर्वाधार आयोजनाको हकमा:</u>

(१) प्रदेश सरकार वा स्थानीय सरकारले सञ्चालन गरेका वा गर्नु पर्ने कार्यहरूका सम्बन्धमा सरकार र आम नागरिकबीच सूचना आदान प्रदान प्रत्यक्ष रूपमा हुने पूर्वाधारको विकास हुने भए ३ अङ्क र अप्रत्यक्ष रूपमा हुने पूर्वाधारको विकास भए १ अङ्क, र

(२) आम सञ्चारका माध्यमलाई व्यवस्थित र प्रभावकारी बनाउने कार्यमा टेवा पुग्ने पूर्वाधारको विकास हुने भए ३ अङ्क र सूचना तथा सञ्चार सम्बन्धी अन्य पूर्वाधारको विकास हुने भए १ अङ्क।

(त) <u>विविध पूर्वाधार आयोजनाको हकमा:</u>

(१) नयाँ पूर्वाधारको विकास हुने भए ३ अङ्क र विद्यमान पूर्वाधारमा सुधार हुने भए १ अङ्क, र

(२) स्थानीय क्षेत्रको आर्थिक विकास वा सुरक्षामा टेवा पुग्ने भए ३ अङ्क र अन्य कार्यमा टेवा पुग्ने भए १ अङ्क।

(९) सबै किसिमका सामाजिक विकासका आयोजनाहरूको प्रारम्भिक मूल्याङ्कनको साझा आधार र अङ्कभार देहाय बमोजिम हुनेछ:-

(क) खर्चको शीर्षकसहितको लागत अनुमान तयार भएको भए ३ अङ्क र नभएको भए १ अङ्क,

(ख) आयोजनाको औचित्य पुष्टि गर्ने कुनै अध्ययन, विश्लेषण, आयोजना प्रस्ताव वा अवधारणापत्र तयार भएको भए ३ अङ्क र नभएको भए १ अङ्क,

(ग) जलवायु अनुकूलन वा वातावरण संरक्षणमा प्रत्यक्ष योगदान गर्ने भए ३ अङ्क र नगर्ने भए १ अङ्क,

(घ) उत्पादन, रोजगारी सिर्जना वा आय आर्जनमा प्रत्यक्ष योगदान गर्ने भए ३ अङ्क र नगर्ने भए १ अङ्क,

(ङ) स्थानीय तहको लागत सहभागिता हुने भए ३ अङ्क र नहुने भए १ अङ्क

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) निजी क्षेत्र, सहकारी, संघ संस्था, दातृ निकाय, समुदाय आदिको लगानी हुने भए ३ अङ्क र नहुने भए १ अङ्क,

(छ) आयोजनाको मुख्य लाभग्राही वर्ग लोपोन्मुख समुदाय, दलित, विपन्न, असहाय, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी/जनजाति, सीमान्तकृत समुदाय, प्रकोप पीडित, हिंसा पीडित, मधेशी समुदाय र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकमध्ये कुनै हुने भए ४ अङ्क र सो बाहेकका अन्य हुने भए २ अङ्क।

(१०) सबै किसिमका सामाजिक विकास आयोजनाहरूको प्रारम्भिक मूल्याङ्कनको आयोजना विशेषको थप आधार र अङ्कभार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य र पोषण सम्बन्धी आयोजनाको हकमाः

(१) स्वास्थ्य र पोषण सेवाको विस्तार हुने भए ४ अङ्क र नहुने भए २ अङ्क, र

(२) स्वास्थ्य र पोषण सेवाको गुणस्तर सुधार हुने भए ४ अङ्क र नहुने भए २ अङ्क।

(ख) शैक्षिक क्रियाकलाप सम्बन्धी आयोजनाको हकमाः

(१) शैक्षिक क्रियाकलापको क्षेत्र वा दायरा विस्तार हुने भए ४ अङ्क र नहुने भए २ अङ्क, र

(२) शैक्षिक क्रियाकलापको गुणस्तर सुधार हुने भए ४ अङ्क र नहुने भए २ अङ्क।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,

(ग) <u>आर्थिक विकास सम्बन्धी आयोजनाको हकमा:</u>

(१) बेरोजगारहरूको श्रम क्षमताको विकास, उद्यमशील क्षमताको विकास वा रोजगारमा रहेका श्रमिक र घरेलु तथा साना उद्यमीहरूको क्षमता विकास हुने भए ४ अङ्क र अन्यको हुने भए २ अङ्क, र

(२) रोजगारी प्रवर्द्धन, नयाँ व्यवसाय प्रवर्द्धन वा व्यवसायको स्तरोन्नतिको लागि प्राविधिक सहयोग, सहुलितपूर्ण कर्जा, उद्योग व्यवसायको प्रवर्द्धन लगायतका कार्य हुने भए ४ अङ्क र अन्य कार्य हुने भए २ अङ्क।

(घ) <u>सामाजिक विकास सम्बन्धी आयोजनाको हकमा:</u>

(१) लोपोन्मुख समुदाय, दलित, विपन्न, असहाय, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी/जनजाति, सीमान्तकृत समुदाय, प्रकोप पीडित, हिंसा पीडित, मधेशी र लैङ्गिक र यौनिक अल्पसङ्ख्यक लगायतका लक्षित समुदायको सशक्तिकरण वा निर्णय प्रकृयामा सहभागिता वृद्धि हुने भए ४ अङ्क र सामाजिक विकास सम्बन्धी अन्य कार्यहुने भए २ अङ्क, र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) लोपोन्मुख समुदाय, दलित, विपन्न, असहाय, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी/जनजाति, सीमान्तकृत समुदाय, प्रकोप पीडित, हिंसा पीडित, मधेशी र लैङ्गिक र यौनिक अल्पसङ्ख्यक लगायतका लक्षित समुदायको संरक्षण सम्बन्धी कार्य हुने भए ४ अङ्क र सो बाहेकका अन्य कार्य हुने भए २ अङ्क।

(ङ) <u>भाषा, साहित्य, कला र संस्कृतिको विकास सम्बन्धी आयोजनाको हकमाः</u>

(१) भाषा, साहित्य, कला र संस्कृतिको विकास हुने भए ४ अङ्क र सोको संरक्षण वा प्रवर्द्धन हुने भए २ अङ्क, र

(२) भाषा, साहित्य, कला र संस्कृतिको विकास, संरक्षण र प्रवर्द्धनबाट सरकारी निकाय वा सम्बन्धित समुदायलाई आर्थिक लाभ प्राप्त हुने भए ४ अङ्क र नहुने भए २ अङ्क।

(च) <u>संस्थागत क्षमताको विकास सम्बन्धी आयोजनाको हकमाः</u>

(१) प्रदेश सरकार वा स्थानीय तहको संस्थागत (नीति, सङ्गठन, मानव संसाधन, सुशासन प्रवर्द्धन, अन्तरनिकाय समन्वय, सूचना व्यवस्थापन लगायतको) क्षमता

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

विकास हुने भए ४ अङ्क र सरोकारवाला निकायको क्षमता विकास हुने भए २ अङ्क, र

(२) प्रदेश सरकार वा स्थानीय तहको आन्तरिक स्रोत परिचालन क्षमता विकास हुने भए ४ अङ्क र सरोकारवाला निकायको स्रोत परिचालन क्षमता विकास हुने भए २ अङ्क।

(छ) <u>अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन आयोजनाको हकमा:</u>

(१) प्रदेश सरकारको लगानीमा कार्यान्वयन भएका आयोजनाहरूको प्रभाव मूल्याङ्कन हुने भए ४ अङ्क र वा अन्य आयोजनाको प्रभाव मूल्याङ्कन हुने भए २ अङ्क, र

(२) प्रदेश सरकार वा स्थानीय तहको नीतिगत वा विशेष महत्वको अनुसन्धान/सर्वेक्षण, वस्तुस्थिति विवरण तयार वा तथ्याङ्क व्यवस्थापन सम्बन्धी कार्य हुनेभए ४ अङ्क र सरोकारवाला निकायको नीतिगत वा विशेष महत्वको अनुसन्धान/सर्वेक्षण, वस्तुस्थिति विवरण तयार वा तथ्याङ्क व्यवस्थापन सम्बन्धी कार्य हुने भए २ अङ्क।

(ज) <u>विज्ञान तथा प्रविधिसम्बन्धी आयोजनाको हकमा:</u>

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(१) विज्ञान तथा प्रविधिको क्षेत्रमा हुने नव प्रवर्तन/आविष्कारलाई प्रोत्साहन हुने भए ४ अङ्क र विज्ञान तथा प्रविधि सम्बन्धी ज्ञान र सीपको विकास वा प्रसार हुने भए २ अङ्क, र

(२) उत्पादन र रोजगारी वृद्धि गर्न विज्ञान र प्रविधिको प्रयोग हुने भए ४ अङ्क र विज्ञान र प्रविधि सम्बन्धी अन्य कार्य हुने भए २ अङ्क।

(झ) <u>विपद् व्यवस्थापन सम्बन्धी आयोजनाको हकमा:</u>

(१) उद्धार वा खोजी कार्य हुने भए ४ अङ्क र सूचना व्यवस्थापन सम्बन्धी कार्य हुने भए २ अङ्क, र

(२) राहत वितरण/व्यवस्थापन सम्बन्धी कार्य हुने भए ४ अङ्क र अन्य कार्य हुने भए २ अङ्क।

(ञ) <u>खेलकुद सम्बन्धी आयोजनाको हकमा:</u>

(१) प्रदेशस्तरीय खेलकुद सञ्चालन/ व्यवस्थापन हुने भए ४ अङ्क र जिल्लास्तरीय खेलकुद सञ्चालन/ व्यवस्थापन हुने भए २ अङ्क, र

(२) प्रदेशस्तरीय खेलकुदको विकास हुने भए ४ अङ्क र जिल्लास्तरीय खेलकुदको विकास हुने भए २ अङ्क।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ट) <u>सूचना तथा सञ्चार सम्बन्धी आयोजनाको हकमा:</u>

(१) प्रदेश सरकार वा स्थानीय सरकारले सञ्चालन गरेका वा गर्नुपर्ने कार्यहरूका सम्बन्धमा सरकार र आम नागरिकबीच सूचनाको आदान प्रदान प्रत्यक्ष रूपमा हुने भए ४ अङ्क र अप्रत्यक्ष रूपमा हुने भए १ अङ्क, र

(२) आम सञ्चारका माध्यमलाई व्यवस्थित र प्रभावकारी बनाउने कार्यमा टेवा पुग्ने भए ४ अङ्क र सूचना तथा सञ्चार सम्बन्धी अन्य कार्यमा टेवा पुग्ने भए २ अङ्क।

(ठ) <u>विविध सामाजिक विकास आयोजनाहरूको हकमा:</u>

(१) सामाजिक सद्भाव बढाउन प्रत्यक्ष योगदान गर्ने भए ४ अङ्क र अप्रत्यक्ष योगदान गर्ने भए २ अङ्क, र

(२) आधारभूत सेवा तथा सुविधामा सेवाग्राहीको पहुँच वृद्धि हुने भए ४ अङ्क र अन्य कार्य हुने भए २ अङ्क।

(११) आयोजनाहरूको नीतिगत सामजञ्जस्यताको मूल्याङ्कन गर्नु पर्नेछ।

(१२) नीतिगत सामञ्जस्यताको मूल्याङ्कनमा अधिकतम अङ्क प्रदान गर्दा त्यसलाई पुष्टि गर्ने प्रमाण संलग्न हुनु पर्नेछ र त्यस्तो प्रमाण संलग्न नभएको अवस्थामा न्यूनतम अङ्क कायम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(१३) आयोजनाहरूको नीतिगत सामजस्यताको मूल्याङ्कनको आधार र अङ्कभार देहाय बमोजिम हुनेछः-

(क) <u>सङ्घीय आवधिक योजनासँगको सामञ्जस्यताको हकमाः</u>

(१) रूपान्तरणका प्रमुख सम्बाहकसँग सम्बन्धित भए ३ अङ्क र नभए १ अङ्क, र

(२) विषय क्षेत्रगत उद्देश्यसँग सम्बन्धित भए ३ अङ्क र नभए १ अङ्क।

(ख) <u>प्रदेशको आवधिक योजनासँगको सामञ्जस्यताको हकमाः</u>

(१) विकासका प्रमुख चालकसँग सम्बन्धित भए ३ अङ्क र नभए १ अङ्क, र

(२) विषय क्षेत्रगत उद्देश्यसँग सम्बन्धित भए ३ अङ्क र नभए १ अङ्क।

(ग) <u>दिगो विकास लक्ष्यसँगको सामञ्जस्यताको हकमाः</u>

(१) दिगो विकास लक्ष्यसँग सम्बन्धित भए ३ अङ्क र नभए १ अङ्क, र

(२) दिगो विकास लक्ष्यको परिलक्ष्य (टार्गेट) सँग सम्बन्धित भए ३ अङ्क र नभए १ अङ्क।

(घ) <u>स्थानीय तहको दीर्घकालीन विकासको सोचको हकमाः</u>

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

स्थानीय तहको विकासको दीर्घकालीन सोचसँग सम्बन्धित भए ३ अङ्क र अन्य भए १ अङ्क।

(१४) स्थानीय तहको मानव विकासको अवस्थाको मूल्याङ्कन गर्दा आयोजना कार्यान्वयन हुने स्थानीय तह (एकभन्दा बढी स्थानीय तहमा कार्यान्वयन हुने भए मानव विकास सूचकाङ्कमा सबैभन्दा पछि परेको स्थानीय तह) मानव विकास सूचकाङ्कको तल्लो एक तिहाईमा परेमा ६ अङ्क, बीचको एक तिहाईमा परेमा ४ अङ्क र माथिल्लो एक तिहाईमा परेमा भए २ अङ्क।

(१५) आयोजनाहरूको संवैधानिक प्राथमिकताको क्रम र सोको मूल्याङ्कन देहाय बमोजिम गर्नु पर्नेछः-

(क) संविधानमा मौलिक हकसँग प्रत्यक्ष सम्बन्धित निम्न विषय क्षेत्रको प्राथमिकताको क्रम र अङ्कभार देहाय बमोजिम हुनेछः

(१) स्वास्थ्य पूर्वाधार -८.० अङ्क

(२) स्वास्थ्य र पोषण (पूर्वाधार बाहेकका अन्य कार्यक्रम) -७.९ अङ्क

(३) खानेपानी तथा सरसफाइ पूर्वाधार -७.८ अङ्क

(४) शैक्षिक पूर्वाधार -७.७ अङ्क

(५) शैक्षिक आयोजना (पूर्वाधार बाहेकका अन्य कार्यक्रम) -७.६ अङ्क

(६) आर्थिक विकास (पूर्वाधार बाहेकका अन्य कार्यक्रम) -७.५ अङ्क

(७) वस्ती विकास -७.४ अङ्क

(८) वन, वातावरण, नदी र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमति प्रदेश

जलाधार संरक्षण -७.३ अङ्क

(९) भाषा, साहित्य, कला र संस्कृति (पूर्वाधार बाहेकका अन्य) -७.२ अङ्क

(ख) संविधानमा मौलिक हकसँग अप्रत्यक्ष सम्बन्धित अन्य आयोजनाहरूको विषय क्षेत्रको प्राथमिकताको क्रम र अङ्कभार देहाय बमोजिम हुनेछः-

(१) यातायात पूर्वाधार -७.१ अङ्क

(२) औद्योगिक/व्यापारिक पूर्वाधार -७.० अङ्क

(३) कृषि पूर्वाधार -६.९ अङ्क

(४) पर्यटन पूर्वाधार -६.८ अङ्क

(५) ऊर्जा पूर्वाधार -६.७ अङ्क

(६) विपद् व्यवस्थापन पूर्वाधार -६.६ अङ्क

(७) विपद् व्यवस्थापन (पूर्वाधार बाहेकका अन्य कार्यक्रम) -६.५ अङ्क

(८) सामाजिक विकास (पूर्वाधार बाहेकका अन्य कार्यक्रम) -६.४ अङ्क

(९) संस्थागत क्षमताको विकास (पूर्वाधार बाहेकका अन्य) -६.३ अङ्क

(१०) अनुसन्धान र तथ्याङ्क व्यवस्थापन (पूर्वाधार बाहेकका अन्य) -६.२ अङ्क

(११) सूचना तथा सञ्चार पूर्वाधार -६.१ अङ्क

(१२) सूचना तथा सञ्चार (पूर्वाधार बाहेकका अन्य कार्यक्रम) -६.० अङ्क

(१३) विज्ञान तथा प्रविधि (पूर्वाधार

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | |
|---|---|---|
| | बाहेकका अन्य कार्यक्रम) | -५.९ अङ्क |
| (१४) | खेलकुद पूर्वाधार | -५.८ अङ्क |
| (१५) | खेलकुद कार्यक्रम | -५.७ अङ्क |
| (१६) | फोहोरमैला व्यवस्थापन पूर्वाधार | -५.६ अङ्क |
| (१७) | भवन निर्माण | -५.५ अङ्क |
| (१८) | विविध पूर्वाधार आयोजना | -५.४ अङ्क |
| (१९) | विविध सामाजिक विकास आयोजना (पूर्वाधार बाहेकका अन्य) | -५.३ अङ्क |

(१६) अनुसूची-८ बमोजिमको फाराममा उपरोक्त बमोजिमको अङ्क प्रविष्ट गरी आयोजनाहरूको मूल्याङ्कनबाट प्राप्त कुल प्राप्ताङ्कको आधारमा आयोजनाहरूको क्रम निर्धारण गरी प्रदेश आयोजना बैंकमा समावेश गर्ने कार्य चैत मसान्तभित्र सम्पन्न गर्नु पर्नेछ।

(१७) प्रदेश नीति तथा योजना आयोगले आयोजना बैंकमा समावेश भएका आयोजनाहरूको सूचीलाई सम्बन्धित मन्त्रालय र निकायलाई वैशाख मसान्तभित्र पठाउनु पर्नेछ।

(१८) उपदफा (१६) र (१७) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०७८/०७९ को योजना तर्जुमाको हकमा समय सीमा लागू हुने छैन।

१२. **नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धी परामर्शः** (१) नीति तथा कार्यक्रम तर्जुमाका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निम्न निकायहरूसँग परामर्श गर्न सक्नेछः-

(क) प्रदेश सरकारका सबै मन्त्रालय र निकायहरू,

(ख) प्रदेश सभाका समितिहरू,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) प्रदेश सभाका सदस्यहरू,

(घ) राजनीतिक दल, निजी क्षेत्र, सहकारी संस्थाहरू,

(ङ) अपाङ्गता भएका व्यक्ति, महिला, दलित, विपन्न, सिमान्तकृत लगायतका समुदायका संघ संस्थाका प्रतिनिधिहरू,

(च) विषय विज्ञ, सञ्चार जगत र अन्य।

(२) उपदफा (१) बमोजिमको परामर्श प्रदेश सरकारको मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग वा प्रदेश सरकारका निकाय समेतले गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम गरिने परामर्श भर्चुअल तथा प्रत्यक्ष अन्तरक्रियाको माध्यमबाट गर्न सकिनेछ।

१३. <u>**आयोजनाको प्राथमिकता तथा छनौटः**</u> (१) यस कार्यविधि बमोजिम आयोजना बैंङ्कमा परेका आयोजनालाई प्रदेश नीति तथा योजना आयोगले देहाय बमोजिम प्राथमिकिकरण गर्नु पर्नेछः-

| क.सं. | कुल प्राप्ताङ्क | प्राथमिकता क्रम |
|---|---|---|
| १. | ५६ अङ्क वा सो भन्दा बढी भएमा | P1 |
| २. | ५६ अङ्क भन्दा कम भएमा | P2 |

(२) सम्बन्धित मन्त्रालय र प्रदेश सरकारका निकायहरूले आगामी आर्थिक वर्षको वार्षिक योजनामा समावेश गर्नु पर्ने आयोजनाहरू छनौट गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आयोजनाहरूको छनौट तयार गर्दा देहाय विषयहरूलाई आधार मान्नु पर्नेछः-

(क) नीति तथा कार्यक्रमलाई सम्बोधन गर्ने खालका आयोजनाहरू,

(ख) बहुवर्षीय आयोजनाहरू,

(ग) क्रमागत आयोजनाहरू,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) उत्पादन वृद्धि, रोजगारी सिर्जना, आयआर्जन र गरिबी निवारणमा योगदान गर्ने आयोजनाहरू,

(ङ) अपाङ्गता भएका व्यक्ति, महिला, दलित, सिमान्तृत समुदाय लगायतका समुदायलाई लाभ पुग्ने आयोजनाहरू,

(च) भुगोल, जनसङ्ख्या, मानव विकास सूचकाङ्क र विषय क्षेत्रगत सन्तुलन कायम गर्ने आयोजनाहरू।

(४) उपदफा (२) बमोजिम सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारका निकायले आयोजना छनौट गर्दा उपदफा (१) बमोजिम P1 प्राथमिकतामा परेका आयोजना कम्तीमा पचास प्रतिशत हुनु पर्नेछ ।

(५) आयोजनाहरू छनौट गर्दा तोकिएको बजेट सीमाभित्र रही प्रदेश आयोजना बैंकबाट छनौट गर्नु पर्नेछ।

(६) नीति तथा कार्यक्रमलाई सम्बोधन गर्ने खालका आयोजनाहरू प्रदेश आयोजना बैंकमा नभएमा सम्बन्धित मन्त्रालय वा निकायले नयाँ आयोजनाहरू पहिचान गरी प्रदेश नीति तथा योजना आयोगमा मूल्याङ्कनको लागि पेश गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम प्राप्त आयोजनाहरूको मूल्याङ्कन गरी प्रदेश आयोजना बैंकमा समावेश गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिमका आयोजनाहरू आयोजना बैंकमा समावेश भएपछि आयोजना बैंकमा भएका सबै आयोजनाहरूको अन्तिम सूची प्रदेश नीति तथा योजना आयोगले सम्बन्धित मन्त्रालय र प्रदेश सरकारका निकायलाई जेठ १६ गतेभित्र उपलब्ध गराउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१४. **अन्तरनिकाय छलफल र योजना पेशः** (१) मन्त्रालय र निकायहरूले आफूले प्रस्ताव गरेका आयोजनाहरू आवश्यक छलफल र सुझावको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगको संयुक्त बैठकमा जेठ २० गतेभित्र प्रस्तुत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भएको छलफलबाट प्राप्त सुझाव समेतलाई ध्यानमा राखी सम्बन्धित मन्त्रालय र निकायले आयोजना छनौट गरी वार्षिक योजनामा समावेश गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयमा जेठ २४ गतेभित्र पेश गर्नु पर्नेछ।

## परिच्छेद-३
## विविध

१५. **आयोजना बैंङ्कको स्थापना र सञ्चालनः** (१) प्रदेश सरकारको योजना तर्जुमा र छनौट प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ६ को खण्ड (क) को उपखण्ड (४) बमोजिम एक आयोजना बैंकको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापित आयोजना बैंकको सञ्चालन यस कार्यविधि र प्रदेश आयोजना बैंक सञ्चालन दिग्दर्शनमा उल्लेख भए बमोजिम हुनेछ।

१६. **आयोजना बैंङ्क सूचीबाट हटाउन सकिनेः** कार्यसम्पन्न भएका वा आयोजना बैंङ्कमा समावेश भएको कुनै आयोजना पाँच वर्षभित्र कार्यान्वयनमा नआएमा सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारको निकायको परामर्शमा प्रदेश नीति तथा योजना आयोगले हटाउन सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१७. **<u>अनुगमन तथा मूल्याङ्कनः</u>** यस कार्यविधि बमोजिम छनौट भएका आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रदेश नीति तथा योजना आयोग र सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारको निकायले गर्नु पर्नेछ ।

१८. **<u>सफ्टवेयर तयार गर्नसक्नेः</u>** यस कार्यविधि र प्रदेश आयोजना बैंकलाई कार्यान्वयन गर्न विद्यमान सफ्टवेयरमा सुधार वा नयाँ सफ्टवेयर तयार गरी प्रयोग गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अनुसूची-१

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**आयोजना माग फाराम**

(सर्वसाधारण/संघ संस्था/निकायले भर्ने)

फाराम भरेको मितिः............................... आयोजना माग गर्नेको नाम : ......................................

सम्पर्क नम्बरः................................... आयोजना माग गर्नेको हस्ताक्षर : ................................

| क्र. सं. | आयोजनाको नाम | अनुमानित लागत | लाभग्राहीको सङ्ख्या | आयोजना अन्तर्गत गरिने मुख्य कार्यहरू | आयोजनाबाट प्राप्त हुने लाभहरू | जिल्लाको नाम | स्थानीय तहको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

अनुसूची-२

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

**आयोजना पेश निवेदन**

(प्रदेश सभा सदस्य / स्थानीय तह / निकायले भर्ने)

मितिः ......................

श्री प्रदेश नीति तथा योजना आयोग,
बागमती प्रदेश, हेटौंडा, मकवानपुर।

**विषयः आयोजना पेश गरिएको सम्बन्धमा।**

प्रदेश सरकारको आ.व........................को वार्षिक बजेटमा समावेश गर्ने प्रयोजनको लागि संलग्न आयोजना माग फाराम बमोजिमका आयोजनाहरू पेश गरेको व्यहोरा अनुरोध छ।

तपशिल

१. आयोजना माग फाराम थान : ......................

आयोजना माग गर्ने निकायको तर्फबाट

हस्ताक्षर ...............

नामः ......................

पदः ..........

आयोजना माग गर्ने निकायको नामः ......................

छापः......................

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

अनुसूची-३

(दफा ९ को उपदफा (८) सँग सम्बन्धित)

**आयोजना बैंकमा आयोजना समावेश गर्ने सम्बन्धी पत्र**

(सम्बन्धित मन्त्रालय / प्रदेश सरकारको निकायले भर्ने)

मितिः .......................

श्री प्रदेश नीति तथा योजना आयोग,
बागमती प्रदेश, हेटौंडा, मकवानपुर।

**विषयः आयोजना बैंकमा प्रस्तावित आयोजनाहरू समावेश गर्ने सम्बन्धमा।**

यस पत्रसाथ संलग्न आयोजनाहरूको मूल्याङ्कन र प्राथमिकीकरण गरी प्रदेश आयोजना बैंकमा समावेश गरी सोको सूची यस .................. र सम्बन्धित मन्त्रालय/निकायलाई उपलब्ध गराइदिनु हुन आयोजना माग फाराम र आयोजनाहरूको वर्गीकरण अनुसारको प्रारम्भिक प्राथमिकीकरणको सूचीको विद्युतीय प्रति/ भरेका फारामहरू यसै पत्रसाथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध छ।

तपशिल

१. आयोजनाहरूको प्रारम्भिक प्राथमिकीकरणको सूची थान : .............

२. आयोजना माग फाराम थान : ..................

आयोजना प्रस्ताव गर्ने निकायको तर्फबाट

हस्ताक्षर .................

नामः .......................

पदः ..........

आयोजना प्रस्ताव गर्ने निकायको नामः...............................................

छापः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-४

(दफा ९ को उपदफा (८) सँग सम्बन्धित)

**पूर्वाधार विकास आयोजनाहरूको प्रारम्भिक प्राथमिकीकरणको सूची**

(सम्बन्धित मन्त्रालय / प्रदेश सरकारको निकायले भर्ने)

**आयोजनाको प्रकार (तल दिइएको मध्ये कुनै एकमा चिन्ह लगाउनुहोस्)**

(नोटः एकै प्रकारका आयोजनाहरूका लागि एउटा फाराम मात्र प्रयोग गर्नुहोस् जस्तै 'यातायात पूर्वाधार मा चिन्ह लगाउनु हुन्छ भने यातायातका पूर्वाधारहरू जस्तै विभिन्न प्रकारका सडक, पुल, सुरूङ मार्ग, रोप वे, सब वे, रेलवे लगायतका आयोजनाहरू मात्र यस फाराममा समावेश गर्नु होस्। अन्य प्रकारको आयोजनाको लागि अर्कै फाराम भर्नुहोस्। ठाउँ नपुगेमा छुट्टै टाइप गरेर पेश गर्नुहोस्।)

- ☐ यातायात पूर्वाधार
- ☐ औद्योगिक/व्यापारिक पूर्वाधार
- ☐ स्वास्थ्य पूर्वाधार
- ☐ ऊर्जा पूर्वाधार
- ☐ फोहोरमैला व्यवस्थापन पूर्वाधार
- ☐ वस्ती विकास
- ☐ पर्यटन पूर्वाधार
- ☐ सूचना तथा सञ्चार पूर्वाधार
- ☐ कृषि पूर्वाधार
- ☐ शैक्षिक पूर्वाधार
- ☐ खेलकुद पूर्वाधार
- ☐ खानेपानी तथा सरसफाइ
- ☐ भवन निर्माण
- ☐ वन, वातावरण, नदी र जलाधार संरक्षण
- ☐ विपद् व्यवस्थापन पूर्वाधार
- ☐ विविध पूर्वाधार

| **प्राथमिकता क्रम** | **आयोजनाहरूको नाम** (आयोजना माग फाराममा उल्लेख भएको नाम दुरूस्त उल्लेख गर्नुहोस्) |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |

योजना माग गर्ने निकायको तर्फबाट

हस्ताक्षर ................                                        नामः ................

पदः .........                                                   छापः ............

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची-५

(दफा ९ को उपदफा (८) सँग सम्बन्धित)

## <u>सामाजिक विकास आयोजनाहरूको प्रारम्भिक प्राथमिकीकरणको सूची</u>

(सम्बन्धित मन्त्रालय / प्रदेश सरकारको निकायले भर्ने)

**आयोजनाको प्रकार (तल दिइएको मध्ये कुनै एकमा चिन्ह लगाउनुहोस्)**

(नोटः एकै प्रकारका आयोजनाहरूका लागि एउटा फाराम मात्र प्रयोग गर्नुहोस् जस्तै 'स्वास्थ्य र पोषण÷ मा चिन्ह लगाउनु हुन्छ भने स्वास्थ्य र पोषणसँग सम्बन्धित आयोजनाहरू जस्तै वालस्वास्थ्य, प्रजनन् स्वास्थ्य, आयुर्वेदिक तथा बैकल्पिक चिकित्सा लगायतका आयोजनाहरू मात्र यस फाराममा समावेश गर्नु होस्। अन्य प्रकारको आयोजनाको लागि अर्कै फाराम भर्नुहोस्। ठाउँ नपुगेमा छुट्टै टाइप गरेर पेश गर्नुहोस्।)

- ☐ स्वास्थ्य र पोषण
- ☐ आर्थिक विकास
- ☐ भाषा, साहित्य, कला र संस्कृति
- ☐ अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन
- ☐ विपद व्यवस्थापन
- ☐ सूचना तथा सञ्चार
- ☐ शिक्षा
- ☐ सामाजिक विकास
- ☐ संस्थागत क्षमताको विकास
- ☐ विज्ञान तथा प्रविधि
- ☐ खेलकुद
- ☐ विविध सामाजिक विकास आयोजना

| **प्राथमिकता क्रम** | **आयोजनाहरूको नाम**<br>(आयोजना माग फाराममा उल्लेख भएको नाम दुरूस्त उल्लेख गर्नुहोस्) |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |

योजना माग गर्ने निकायको तर्फबाट

हस्ताक्षर ................ नामः ................

पदः ......... छापः ............

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-६

(दफा ९ को उपदफा (३) र (८) सँग सम्बन्धित)

## पूर्वाधार विकास आयोजनाको विवरण

(स्थानीय तह/प्रदेश सभा सदस्य/सम्बन्धित मन्त्रालय/प्रदेश सरकारको निकायले भर्ने)

(क) **सामान्य जानकारी**

१. विवरण भर्ने निकायको नाम : .........................

२. सम्पर्क व्यक्तिको नाम : .........................

३. सम्पर्क नम्बर : .........................

४. इमेल ठेगाना (ऐच्छिक) : .........................

५. आयोजनाको नाम :..............................................................

६. अनुमानित लागत :..............................................................

७. आयोजनाको प्रकार

☐ बहुवर्षीय ☐ क्रमागत ☐ नयाँ

८. आयोजना माग गर्ने निकायः

☐ प्रदेश मन्त्रालय ☐ प्रदेश सरकारका निकाय वा प्रदेश सभा सचिवालय

☐ प्रदेश सभा सदस्य ☐ स्थानीय तह ☐ अन्य निकाय

९. आयोजना कार्यान्वयन हुने जिल्लाको सङ्ख्या

☐ १३ वटै जिल्लामा कार्यान्वयन हुने

☐ केही जिल्लामा कार्यान्वयन हुने

☐ १ जिल्लामा कार्यान्वयन हुने

१०. आयोजना सञ्चालन हुने जिल्ला/हरूको नामः..........................................

☐ १३ वटै जिल्लामा कार्यान्वयन हुने ☐ केही जिल्लामा कार्यान्वयन हुने

☐ १ जिल्लामा कार्यान्वयन हुने

११. आयोजना सञ्चालन हुने प्रदेश निर्वाचन क्षेत्र : ................................

१२. आयोजना कार्यान्वयन हुने स्थानीय तहको सङ्ख्या

☐ ११९ वटै स्थानीय तहमा कार्यान्वयन हुने

☐ केही स्थानीय तहमा कार्यान्वयन हुने

☐ १ स्थानीय तहमा कार्यान्वयन हुने

१३. आयोजना सञ्चालन हुने स्थानीय तह/हरूको नामः.................................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(११९ वटै स्थानीय तहमा सञ्चालन हुने भए स्थानीय तहको नाम उल्लेख गर्नु नपर्ने)

१४. आयोजना सम्पन्न हुन लाग्ने अनुमानित समयः

☐ १ वर्ष ☐ २ वर्ष ☐ ३ वर्ष ☐ ४ वर्ष ☐ ५ वर्ष

☐ ५ वर्षभन्दा माथि

१५. आयोजनासँग सम्बन्धित मन्त्रालय वा निकाय

☐ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

☐ आन्तरिक मामिला तथा कानून मन्त्रालय

☐ आर्थिक मामिला तथा योजना मन्त्रालय

☐ भौतिक पूर्वाधार विकास मन्त्रालय

☐ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

☐ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

☐ सामाजिक विकास मन्त्रालय

☐ प्रदेश नीति तथा योजना आयोग

☐ प्रदेश लोक सेवा आयोग

☐ प्रदेश लेखा नियन्त्रक कार्यालय

☐ प्रदेश सभा सचिवालय

☐ मुख्य न्यायाधिवक्ताको कार्यालय

☐ अन्य निकाय

१६. आयोजनाको कार्यान्वयन कसरी हुन्छ?

☐ ठेक्का मार्फत् ☐सामाजिक संघ संस्था मार्फत्

☐ सार्वजनिक निजी साझेदारी मार्फत् ☐सार्वजनिक सहकारी साझेदारी मार्फत्

☐ उपभोक्ता समिति मार्फत् ☐अमानत मार्फत्

☐ अन्य मार्फत्

१७. आयोजनाको डिपिआर/लागत अनुमान तयार भएको छ कि छैन? (छ भने डिजिटल फाइल साथै पेश गर्नुहोस्)

☐ छ ☐ छैन

१८. आयोजनाको ड्रइङ डिजाइन तयार भएको छ कि छैन? (छ भने डिजिटल फाइल साथै पेश गर्नुहोस्)

☐ छ ☐ छैन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## (ख) प्रारम्भिक मूल्याङ्कन

१९. आयोजनाको संरचना अपाङ्ग मैत्री हुन्छ कि हुँदैन?

☐ हुन्छ ☐ हुँदैन

२०. आयोजनामा विपद् उत्थानशील प्रविधिको प्रयोग हुन्छ कि हुँदैन?

☐ हुन्छ ☐ हुँदैन

२१. आयोजनाले जलवायु अनुकूलन वा वातावरण संरक्षणमा प्रत्यक्ष योगदान गर्छ कि गर्दैन?

☐ गर्छ ☐ गर्दैन

२२. आयोजनाले उत्पादन, रोजगारी सिर्जना वा आय आर्जनमा प्रत्यक्ष योगदान गर्छ कि गर्दैन?

☐ गर्छ ☐ गर्दैन

२३. आयोजना कार्यान्वयनको लागि जमिन प्राप्त भएको छ कि छैन? (छ भने सोको कागजात साथै पेश गर्नुहोस्)

☐ छ ☐ छैन

२४. स्थानीय तहको लागत सहभागिता हुन्छ कि हुँदैन? (हुन्छ भने स्थानीय तहको पत्र साथै पेश गर्नुहोस्)

☐ हुन्छ ☐ हुँदैन

२५. निजी क्षेत्र, सहकारी, संघ संस्था, दातृ निकाय, समुदाय आदिको लागत सहभागिता हुन्छ कि हुँदैन? (हुन्छ भने लागत प्रतिवद्धताको पत्र साथै पेश गर्नुहोस् तर सार्वजनिक निजी/सहकारी साझेदारी आयोजनाको हकमा पेश गर्नु नपर्ने)

☐ हुन्छ ☐ हुँदैन

२६. आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुनेको अनुमानित कुल सङ्ख्या (जना):.........

२७. आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने मध्ये तल उल्लिखित समुदायको अनुमानित सङ्ख्या (जना) उल्लेख गर्नुहोस् र लाभग्राही नभएमा खाली छाड्नुहोस्।

☐ लोपोन्मुख समुदाय*: ................ ☐ सीमान्तकृत समुदाय#: ............

☐ विपन्न: ......................... ☐ असहाय: .........................

☐ महिला: ......................... ☐बालबालिका: ................

☐ ज्येष्ठ नागरिक: .................. ☐अपाङ्गता भएका ब्यक्ति: .............

☐ आदिवासी/जनजाति: ................ ☐ दलित : .....................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

☐ प्रकोप पीडित : ............... ☐ हिंसा पिडितः ...............
☐ मधेशी समुदायः ............... ☐लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकः ........
☐ मिश्रित समुदायः ............... ☐अन्य समुदायः ....................

*लोपोन्मुख समुदाय भन्नाले कुसुन्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुशवाडी जातिलाई जनाउँछ।

#सीमान्तकृत समुदाय भन्नाले माझी, सियार, ल्होमी (शिङसावा), थुदान, धानुक, चेपाङ, सतार(सन्थाल), थामी, झागड, बोटे, दुनुवार, बराम्, सुनुवार, थारू, तामाङ, भुजेल, कुमाल, राजबंशी, गन्गाई, धिमाल, भोटे, दराई, ताजपुरिया, पहरी, तोक्पेगोला, फ्रि, मुगाल, लार्के, ल्होपा, दुरा र बालुङ जातिलाई जनाउँछ।

२८. आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुनेमध्ये ५० प्रतिशतभन्दा बढी लाभग्राही लक्षित समुदायभित्रका पर्छ कि पर्दैन?

(लक्षित समुदाय भन्नाले लोपोन्मुख समुदाय, दलित, विपन्न, असहाय, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी/जनजाति, सीमान्तकृत समुदाय, प्रकोप पीडित, हिंसा पीडित, मधेशी र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय भन्ने जनाउँछ)

☐पर्छ ☐पर्दैन

२९. प्रस्तावित आयोजना तलकोमध्ये कुन समूहमा पर्छ?

☐ यातायात पूर्वाधार (अब प्रश्न नं.३० र ३१ मा जानुहोस, बाँकी सबै खाली छाड्नुहोस् र अन्तमा हस्ताक्षर गर्नुहोस्)
☐ कृषि पूर्वाधार (अब प्रश्न नं.३२ र ३३ मा जानुहोस, बाँकी सबै खाली छाड्नुहोस् र अन्तमा हस्ताक्षर गर्नुहोस्)
☐ औद्योगिक/व्यापारिक पूर्वाधार (अब प्रश्न नं.३४ र ३५ मा जानुहोस, बाँकी सबै खाली छाड्नुहोस् र अन्तमा हस्ताक्षर गर्नुहोस्)
☐ शैक्षिक पूर्वाधार (अब प्रश्न नं.३६ र ३७ मा जानुहोस, बाँकी सबै खाली छाड्नुहोस् र अन्तमा हस्ताक्षर गर्नुहोस्)
☐ स्वास्थ्य पूर्वाधार (अब प्रश्न नं. ३८ र ३९ मा जानुहोस, बाँकी सबै खाली छाड्नुहोस् र अन्तमा हस्ताक्षर गर्नुहोस्)
☐ खेलकुद पूर्वाधार (अब प्रश्न नं.४० र ४१ मा जानुहोस, बाँकी सबै खाली छाड्नुहोस् र अन्तमा हस्ताक्षर गर्नुहोस्)
☐ ऊर्जा पूर्वाधार (अब प्रश्न नं.४२ र ४३ मा जानुहोस, बाँकी सबै खाली छाड्नुहोस् र अन्तमा हस्ताक्षर गर्नुहोस्)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

☐ खानेपानी तथा सरसफाइ पूर्वाधार (अब प्रश्न नं.४४ र ४५ मा जानुहोस, बाँकी सबै खाली छाड्नुहोस् र अन्तमा हस्ताक्षर गर्नुहोस्)

☐ फोहोरमैला व्यवस्थापन पूर्वाधार (अब प्रश्न नं.४६ र ४७ मा जानुहोस, बाँकी सबै खाली छाड्नुहोस् र अन्तमा हस्ताक्षर गर्नुहोस्)

☐ भवन निर्माण (अब प्रश्न नं. ४८ र ४९ मा जानुहोस, बाँकी सबै खाली छाड्नुहोस् र अन्तमा हस्ताक्षर गर्नुहोस्)

☐ वस्ती विकास (अब प्रश्न नं.५० र ५१ मा जानुहोस, बाँकी सबै खाली छाड्नुहोस् र अन्तमा हस्ताक्षर गर्नुहोस्)

☐ वन, वातावरण, नदी र जलाधार संरक्षण (अब प्रश्न नं.५२ र ५३ मा जानुहोस, बाँकी सबै खाली छाड्नुहोस् र अन्तमा हस्ताक्षर गर्नुहोस्)

☐ पर्यटन पूर्वाधार (अब प्रश्न नं.५४ र ५५ मा जानुहोस, बाँकी सबै खाली छाड्नुहोस् र अन्तमा हस्ताक्षर गर्नुहोस्)

